# न्याय परिषद सचिवालय

रामशाहपथ, काठमाडौं

सचिव : ४२००७७८
सह-सचिव (प्रशासन) : ४२००७८१
सह-सचिव (उजुरी) : ४२००७८२
कार्यालय : ४२००७७५
: ४२००७७६
: ४२००७७७
फयाक्स : ४२००७७९


पत्र संख्या :-
चलानी नं. :-

## न्याय परिषद सचिवालयद्वारा जारी विज्ञप्ती

मिति :- २०८०।०९।१३

उच्च अदालत सुर्खेत, जुम्ला इजलासमा कार्यरत माननीय न्यायाधीश डा. श्री नवराज थपलियाको कार्यक्षमता, आचरण र कर्तव्यको इमान्दारीपूर्वक पालन गरे नगरेको भन्ने विषयमा न्याय परिषदद्वारा गठित छानविन समितिद्वारा छानविन गरी दिएको प्रतिवेदन उपर न्याय परिषदमा छलफल भै भएको निर्णय अनुसार हाल निज न्यायाधीशलाई न्याय परिषद ऐन, २०७३ को दफा २१ बमोजिम सफाई पेश गर्न सूचना दिई कारवाही प्रक्रिया चलिरहेको अवस्था छ। उक्त छानविन सन्दर्भमा न्याय परिषदको निर्णय बमोजिम तोकिनु भएका माननीय न्यायाधीश र कर्मचारी उपर आक्षेप लगाउने किसिमबाट अनलाइन सञ्चार माध्यमबाट सम्प्रेषित समाचारप्रति यस न्याय परिषद सचिवालयको ध्यान आकृष्ट भएको छ। न्याय परिषदको संवैधानिक तथा कानूनी दायित्व अन्तर्गत विचाराधिन काम कारबाहीमा कुनै प्रकारको अवाञ्छित प्रभाव पार्ने किसिमबाट सम्प्रेषित समाचार प्रति आपत्ति प्रकट गर्दै न्याय परिषद सचिवालय यस्ता समाचार सम्प्रेषण नगर्न नगराउन सम्बन्धित सबैमा आग्रह गर्दछ।

प्रवक्ता
न्याय परिषद सचिवालय